# नेपाल राष्ट्र बैंक समाचार

वर्ष ४५ | अङ्क ७ | चैत २०७७ | मार्च-अप्रिल २०२१


# डेपुटी गभर्नरमा तिम्सिना र मिश्र नियुक्त



नेपाल राष्ट्र बैंकको डेपुटी गभर्नरमा कार्यकारी निर्देशकद्वय डा.नीलम ढुङ्गाना तिम्सिना र बमबहादुर मिश्र नियुक्त हुनुभएको छ ।

गभर्नर महाप्रसाद अधिकारीको सिफारिसमा नेपाल सरकार (मन्त्रीपरिषद्) ले २०७७ फागुन २५ गते उहाँहरूलाई डेपुटी गभर्नरमा नियुक्त गरेको हो । नवनियुक्त डेपुटी गभर्नरद्वय डा.तिम्सिना र मिश्रले फागुन २६ गते नेपाल राष्ट्र बैंक, बालुवाटारमा आयोजित कार्यक्रममा गभर्नर अधिकारीसमक्ष पद तथा गोपनीयताको शपथ लिनुभयो । सोही दिन उहाँहरूले आफ्नो पद बहाली समेत गर्नुभयो । डा.तिम्सिना बैंकको पहिलो महिला डेपुटी गभर्नरसमेत हुनुहुन्छ ।

सो अवसरमा गभर्नर अधिकारीले नवनियुक्त डेपुटी गभर्नरद्वय डा.तिम्सिना र मिश्रलाई बधाई दिँदै सफल कार्यकालको निम्ति शुभकामनासमेत व्यक्त गर्नुभयो । रिक्त भएको छोटो अवधिमै बैंकले नयाँ डेपुटी गभर्नर पाएकोमा उहाँले खुशी व्यक्त गर्नुभयो । उक्त अवसरमा नतिजामुखी र संस्थाको गरिमाप्रति समर्पित रहेर अघि बढ्न उहाँले डेपुटी गभर्नरद्वयलाई सुझाव दिनुभयो ।

कार्यक्रममा डेपुटी गभर्नरद्वय डा.तिम्सिना र मिश्रले आ-आफ्नो नयाँ जिम्मेवारीप्रति नेपाल सरकार र गभर्नर अधिकारीप्रति धन्यवाद व्यक्त गर्दै आफूहरूमा खुशी र जिम्मेवारीबोध एकैपटक महसुस भएको धारणा राख्नुभयो । उहाँहरूले बैंकले लक्षित गरेका उद्देश्य हासिल गर्न दत्तचित्त भएर लाग्ने प्रतिबद्धता जनाउँदै आगामी दिनमा समेत सबै पक्षबाट सहयोग मिल्ने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा भुक्तानी प्रणाली विभागका कार्यकारी निर्देशक भुवन कडेलले स्वागत मन्तव्य राख्दै डेपुटी गभर्नरद्वयलाई सफल कार्यकालको निम्ति शुभकामना दिनुभयो । सो अवसरमा नेपाल राष्ट्र बैंक कर्मचारी संघका कार्यबाहक अध्यक्ष रुद्रप्रसाद तिम्सिना, नेपाल वित्तीय संस्था कर्मचारी संघ, नेपाल राष्ट्र बैंक समितिका वरिष्ठ उपाध्यक्ष राजनप्रसाद रेग्मी र नेपाल राष्ट्रिय कर्मचारी संगठन, नेपाल राष्ट्र बैंक समितिका अध्यक्ष रेशमबहादुर बल्छौंडीले नवनियुक्त डेपुटी गभर्नरद्वयलाई बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्नुभएको थियो ।

सोही दिन गभर्नर अधिकारीले डेपुटी गभर्नरद्वय डा. नीलम ढुङ्गाना तिम्सिना र बमबहादुर मिश्रलाई विभाग तथा कार्यालयको जिम्मेवारीसमेत तोक्नुभएको छ । जसअनुसार डेपुटी गभर्नर तिम्सिनाअन्तर्गत मौद्रिक तथा विदेशी विनिमय नीति समूहतर्फ विदेशी





विनिमय व्यवस्थापन विभाग, राष्ट्र ऋण व्यवस्थापन विभाग, नियमन तथा सुपरिवेक्षण समूहतर्फ बैंक तथा वित्तीय संस्था नियमन विभाग, बैंकिङ व्यवस्थापन समूहतर्फ बैंकिङ विभाग र भुक्तानी प्रणाली विभाग तथा सहायक सेवा समूहतर्फ जनशक्ति व्यवस्थापन विभाग, वित्त व्यवस्थापन विभाग र सूचना प्रविधि महाशाखा रहने गरी जिम्मेवारी तोकिएको छ।

यसै गरी, डेपुटी गभर्नर मिश्रलाई नियमन तथा सुपरिवेक्षण समूहतर्फ बैंक सुपरिवेक्षण विभाग, विकास बैंक सुपरिवेक्षण विभाग, वित्त कम्पनी सुपरिवेक्षण विभाग र लघुवित्त संस्था सुपरिवेक्षण विभाग, मौद्रिक तथा विदेशी विनिमय नीति समूहतर्फ आर्थिक अनुसन्धान विभाग, सहायक सेवा समूहतर्फ संस्थागत योजना तथा जोखिम व्यवस्थापन विभाग, मुद्रा व्यवस्थापन विभाग, सम्पत्ति तथा सेवा व्यवस्थापन विभाग र बैंकिङ व्यवस्थापन समूहतर्फ बैंकका प्रदेशस्थित कार्यालयहरूको जिम्मेवारी तोकिएको छ।

# डेपुटी गभर्नरद्वयको राष्ट्र बैंक यात्रा

२०५४ मङ्सिर २२ गते सहायक निर्देशकको रूपमा बैंक सेवामा प्रवेश गर्नुभएका डा.तिम्सिना २०६० मा उप-निर्देशक, २०६६ मा निर्देशक हुँदै २०७४ सालमा कार्यकारी निर्देशकमा पदोन्नति हुनुभयो। सो अवधिमा उहाँ बैंकको विराटनगर कार्यालय, पोखरा कार्यालय, विदेशी विनिमय व्यवस्थापन विभाग, बैंक सुपरिवेक्षण विभाग, आर्थिक अनुसन्धान विभाग, आन्तरिक लेखापरीक्षण विभाग र राष्ट्र ऋण व्यवस्थापन विभागमा विभिन्न जिम्मेवारीमा रहनुभयो। उहाँले त्रिभुवन विश्वविद्यालय र अष्ट्रेलियास्थित वोलोनगङ विश्वविद्यालयबाट अर्थशास्त्रमा स्नातकोत्तर गर्नुभएको छ। उहाँले मेवार विश्वविद्यालय, राजस्थान, भारतबाट विद्यावारिधिको उपाधिसमेत हासिल गर्नुभएको छ।

मिश्रले २०५९ साउन २७ गते सहायक निर्देशकको रूपमा बैंक सेवामा प्रवेश गर्नुभएको हो। उहाँ २०६५ मा उप-निर्देशक, २०७१ मा निर्देशक हुँदै २०७६ मा कार्यकारी निर्देशकमा पदोन्नति हुनुभयो। सो अवधिमा उहाँ बैंकको वीरगञ्ज कार्यालय, बैंक सुपरिवेक्षण विभाग, बैंकिङ विभाग, बैंक तथा वित्तीय संस्था नियमन विभाग, भुक्तानी प्रणाली विभाग, विदेशी विनिमय व्यवस्थापन विभागमा विभिन्न जिम्मेवारीमा रहनुभयो।





डेपुटी गभर्नर मिश्रले त्रिभुवन विश्वविद्यालयबाट व्यवस्थापनमा स्नातकोत्तर, कानुनमा स्नातक र नेशनल ग्राजुएट इन्टिच्यूट अफ पोलिसी स्टडिज, जापानबाट सार्वजनिक नीतिमा स्नातकोत्तर उपाधि हासिल गर्नुभएको छ।

# मौद्रिक नीतिको अर्धवार्षिक समीक्षा सार्वजनिक




आर्थिक वर्ष २०७७/७८ को मौद्रिक नीतिको अर्धवार्षिक समीक्षा सार्वजनिक गरिएको छ। २०७७ फागुन २ गते आयोजित भर्चुअल पत्रकार सम्मेलनमा गभर्नर अधिकारीले सो समीक्षा सार्वजनिक गर्नुभयो।

समीक्षामार्फत बैंकले कोभिड-१९ को सङ्क्रमणको घट्दो दरसँगै आर्थिक गतिविधि विस्तार हुन थालेकाले आ.व.२०७७/७८ मा ट्रेन्ड आर्थिक वृद्धि हासिल हुने अनुमान गरेको छ। पेट्रोलियम पदार्थको मूल्यवृद्धि र बढ्दो आर्थिक वृद्धिसँगै समष्टिगत मागमा विस्तार भई मुद्रास्फीतिमा दवाव सिर्जना हुनसक्ने समीक्षामा उल्लेख छ। तथापि चालु आर्थिक वर्षमा तोकिएको सीमाभित्रै मुद्रास्फीति रहने अनुमान बैंकले गरेको छ।

पछिल्ला महिनामा बढ्दो क्रममा देखिएको आयातले बाह्य क्षेत्र व्यवस्थापनमा दवाव सिर्जना हुन सक्ने भए तापनि विप्रेषणको वृद्धिदर भने सकारात्मक देखिएको बैंकले जनाएको छ। पछिल्लो समयमा देखिएको आर्थिक क्रियाकलापको विस्तार, कर्जा प्रवाह र आयातको वृद्धिका कारण मूल्य र बाह्य क्षेत्र स्थायित्वमा पर्नसक्ने दबाबलाई दृष्टिगत गर्दै मौद्रिक व्यवस्थापन गर्नुपर्ने निष्कर्ष बैंकले निकालेको छ।

कोभिडको असरलाई सम्बोधन गर्न आर्थिक पुनरुत्थानमा टेवा पुऱ्याउने उद्देश्यले लागू गरिएका वित्तीय सहजीकरण र नियामकीय लचकता सम्बन्धी व्यवस्थाबाट वित्तीय स्थायित्व प्रभावित हुन नदिने तर्फ सजगता अपनाउनु पर्ने बैंकको ठहर छ। आन्तरिक उत्पादन वृद्धि, रोजगारी सिर्जना र उद्यमशीलता विकासमा वित्तीय साधनको उपलब्धतालाई सहजीकरण गरी आर्थिक वृद्धिलाई टेवा पुऱ्याउन चालु आर्थिक वर्षको मौद्रिक नीतिको कार्यदिशालाई यथावत् राख्दै मौद्रिक एवम् वित्तीय उपायमा आवश्यक




समायोजन गरिएको बैंकले समीक्षामा जनाएको छ।

मौद्रिक नीतिले तय गरेको अनिवार्य नगद अनुपात, वैधानिक तरलता अनुपात र बैंक दरलाई यथावत् राखिएको छ। कोभिड-१९ ले सिर्जना गरेको असहज परिस्थितिको समयमा उक्त दरमा गरिएको समायोजनलाई आर्थिक क्रियाकलाप सामान्य हुदै गएसँगै पुनरावलोकन गर्ने व्यवस्था गरिने अर्धवार्षिक समीक्षामा उल्लेख छ।

२०७६ पुस मसान्तमा सक्रिय वर्गमा रहेका कर्जालाई ऋणीले २०७८ असार मसान्तभित्र लिखित कार्ययोजना पेस गरेमा बैंक तथा वित्तीय संस्थाले सोको विश्लेषण गरी बक्यौता ब्याजको न्यूनतम पाँच प्रतिशत असुलउपर गरी एक पटकको लागि कर्जा पुनर्संरचना तथा पुनरतालिकीकरण गर्न सक्ने व्यवस्था मिलाइने बैंकले जनाएको छ। दस मेगावाटभन्दा साना जलविद्युत् आयोजनाको विशेष पुनरकर्जामा पहुँच पुऱ्याउन आवश्यक व्यवस्था गरिने समीक्षामा उल्लेख छ।

विभिन्न प्रयोजनका लागि ऋण धितो मूल्य अनुपात तोकी प्रवाह भएका कर्जामा कोभिडले सिर्जना गरेको असहज परिस्थितिको समयमा चालु आर्थिक वर्षको मौद्रिक नीतिमा गरिएको नियामकीय सहजीकरणलाई यथावत् राखिएको छ। आर्थिक क्रियाकलाप सामान्य हुँदै गएसँगै ऋण धितो मूल्य अनुपात सम्बन्धी व्यवस्थामा पुनरावलोकन गरिने जनाइएकोछ।

बैंक तथा वित्तीय संस्थाले तोकिएका क्षेत्र र वर्गमा प्रवाह गर्नुपर्ने कर्जा लक्षित क्षेत्र र वर्गले प्राप्त गरे नगरेको सम्बन्धमा विशेष अनुगमन गरी उक्त ऋण दुरुपयोग गर्ने ऋणीमाथि हुने कारवाहीलाई थप प्रभावकारी बनाइने समीक्षामा उल्लेख छ। साथै, विद्युतीय भुक्तानी कारोबार प्रोत्साहित गर्न कारोबारको सीमामा समयानुकूल पुनरावलोकन गरिने र क्यूआर कोडलगायतका विद्युतीय कारोबारको प्रवर्द्धनका लागि आवश्यक थप नीतिगत व्यवस्था गरिने राष्ट्र बैंकले जनाएको छ। विद्युतीय कारोबारको प्रवर्द्धनका लागि वित्तीय साक्षरतामा गरिने निश्चित खर्चहरूलाई संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत गणना गर्न सकिने व्यवस्था गरिने समीक्षामा उल्लेख छ।

पत्रकार सम्मेलनमा आर्थिक अनुसन्धान विभागका कार्यकारी निर्देशक एवम् प्रवक्ता डा.गुणाकर भट्टले भर्चुअल पत्रकार सम्मेलनको सहजीकरण गर्नुभएको थियो। आ.व.२०७७/७८ को मौद्रिक नीति गत साउन २ गते सार्वजनिक गरिएको थियो।

# कानुन महाशाखाद्वारा अन्तरक्रिया कार्यक्रम आयोजना




नेपाल राष्ट्र बैंक, कानुन महाशाखाले गभर्नर महाप्रसाद अधिकारीको प्रमुख आतिथ्यमा २०७७ फागुन १४ गते काठमाडौंमा एक दिने अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

नेपाल राष्ट्र बैंकसँग सम्बन्धित कानुन कार्यान्वयनका क्रममा उठेका प्रश्नहरूको सम्बन्धमा उक्त अन्तरक्रिया आयोजना गरिएको हो । कार्यक्रममा गभर्नर अधिकारीले बैंकको निर्णय प्रक्रियामा बैंकसम्बद्ध कानुनी व्यवस्थालाई सूक्ष्म ढङ्गले अध्ययन र विश्लेषण गर्न सुझाव दिनुभयो । उहाँले कानुन महाशाखासँग कानुनी राय माग्नका निम्ति विभाग/कार्यालयले विभागीय धारणा स्पष्ट झल्कने गरी निश्चित ढाँचा तयार गर्नुपर्ने आवश्यकतामा जोड दिनुभयो ।

कार्यक्रमको पहिलो सत्रमा कानुन महाशाखाका निर्देशक थानेश्वर आचार्यले 'नेपाल राष्ट्र बैंकको कार्य सञ्चालनसँग सम्बन्धित कानुनी व्यवस्था र सो व्यवस्था कार्यान्वयनमा देखिएका समस्या तथा समाधानका उपायहरू' विषयक कार्यपत्र प्रस्तुत गर्नुभयो । कार्यपत्रमा बैंकसँग सम्बन्धित कानुनी व्यवस्था, कानुनी रायका प्रक्रिया, निर्णय प्रक्रिया, नीतिगत निर्देशनलगायतका विषय समेटिएको थियो ।

यसै गरी, कानुन महाशाखाका उप-निर्देशक डिल्लीराम न्यौपानेले 'नेपाल राष्ट्र बैंकसँग सम्बन्धित मुद्दाः विषय र विवेचना' विषयक कार्यपत्र प्रस्तुत गर्नुभयो । यस क्रममा उहाँले राष्ट्र बैंकको विधायीकी अधिकार र कार्यप्रकृति, अदालती प्रक्रिया, बैंकका कामकारवाहीसँग सम्बन्धित मुद्दाहरूबारे जानकारी दिनुभयो ।

कार्यक्रमको दोस्रो सत्रमा कार्यपत्रमाथि छलफल भएको थियो । यस क्रममा सहभागीका तर्फबाट आफ्नो विभाग/कार्यालयका कामकारवाहीसँग सम्बन्धित कानुनी विषयमा जिज्ञासा र सुझाव राख्नुभएको थियो । कार्यक्रममा बैंकका विभिन्न विभाग/कार्यालयका कार्यकारी निर्देशक र निर्देशक, कर्मचारी युनियनका प्रतिनिधिलगायतको सहभागिता थियो ।

कार्यक्रममा कानुन महाशाखाका उप-निर्देशक रामशरण पोखरेलले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्नुभएको थियो । सहायक निर्देशक सुमन आचार्यले सञ्चालन गर्नुभएको सो कार्यक्रममा सहायक निर्देशक हेमराज अधिकारीले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

# व्यावहारिक विज्ञानसम्बन्धी तालिम सम्पन्न



बैंकर्स प्रशिक्षण केन्द्रले २०७७ फागुन ७ र ८ गते काभ्रेको धुलिखेलमा मध्यमस्तरीय अधिकृतहरूका निम्ति 'व्यावहारिक विज्ञान' विषयक तालिम कार्यक्रम आयोजना गऱ्यो ।

कार्यक्रममा अन्तरवैयक्तिक सम्बन्ध, स्वःचेतना, योग, ध्यान, सकारात्मक चिन्तन र तनाव व्यवस्थापनका विषयमा प्रशिक्षण दिइएको थियो । कार्यक्रमको पहिलो दिन नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानका अध्ययन निर्देशक विनोदकुमार विष्टले स्वःचेतना र अन्तरवैयक्तिक सम्बन्धबारे प्रशिक्षण दिनुभयो ।

कार्यक्रमको दोस्रो दिन नेपाल योग प्रतिष्ठानका योग प्रशिक्षक डा. बालकृष्ण खनालले 'शरीरको प्रतिरक्षा प्रणालीका लागि योग तथा सकारात्मक चिन्तन र तनाव व्यवस्थापन' विषयमा वार्ता प्रस्तुत गर्नुभयो ।

सो अवसरमा जनशक्ति व्यवस्थापन विभागका निर्देशक बुद्धराज शर्माले कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्दै कार्यक्रम शुभारम्भ गर्नुभयो । कार्यक्रममा केन्द्रका उप-निर्देशक लक्ष्मीनारायण ताम्राकारले स्वागत मन्तव्य तथा निर्देशक आनन्द पौड्यालले समापन मन्तव्य राख्नुभयो । केन्द्रका सहायक निर्देशक नरेशकुमार अधिकारीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

कार्यक्रममा विभिन्न विभाग/कार्यालयका द्वितीय श्रेणीका ७८ जना अधिकृतहरूको सहभागिता थियो ।


# गभर्नर अधिकारीद्वारा 41st SAARCFINANCE Governors' Group Meeting and Symposium मा सहभागिता

गभर्नर महाप्रसाद अधिकारीले रिजर्व बैंक अफ इण्डियाद्वारा २०७७ फागुन १७-१८ मा आयोजित '41st SAARCFINANCE Governors' Group Meeting and Symposium' कार्यक्रममा सहभागिता जनाउनुभयो ।

भर्चुअल माध्यमद्वारा आयोजित उक्त कार्यक्रम अन्तर्गत फागुन १७ गते 41st SAARCFINANCE Governors' Group Meeting र फागुन १८ गते SAARCFINANCE Governors' Symposium सञ्चालन गरिएको हो । उक्त कार्यक्रममा सार्क मुलुकका केन्द्रीय बैंकका गभर्नरहरूबीच वित्तीय प्रणालीको साइबर सुरक्षा, सुपरिवेक्षकीय प्रविधिलगायतका विषयमा छलफल भएको थियो ।

उक्त बैठकमा SAARCFINANCE Collaborative Study सम्बन्धमा 'Comparison of Financial Sector Regulatory Regimes in the SAARC Region' विषयमा श्रीलङ्काको केन्द्रीय बैंकका तर्फबाट प्रस्तुति दिइएको थियो । सोही बैठकमा गभर्नर अधिकारीले नेपालको Macro Surveillance Indicators (MSI) बारे जानकारी दिँदै कार्यक्रम सफलताको निम्ति शुभकामना दिनुभयो ।

सो कार्यक्रममा Collaborative Study का निम्ति नेपाल राष्ट्र बैंकले प्रस्ताव गरेको 'Prospect of Central Bank Digital Currency (CBDC)' विषयलाई आगामी वर्ष संयुक्त रूपमा अध्ययन गर्ने निर्णयसमेत गरिएको थियो ।




कार्यक्रमको दोस्रो दिन सञ्चालित SAARCFINANCE Governors' Symposium मा रिजर्व बैंक अफ इण्डियाका डेपुटी गभर्नर डा. एमडी पात्राले स्वागत मन्तव्य र गभर्नर शक्तिकान्त दासले उद्घाटन मन्तव्य राख्नुभएको थियो । सो अवसरमा Bank for International Settlement sf Jermy Prenio ले Suptech and Central Banking सम्बन्धी प्रवचन दिनुभयो । यस क्रममा केन्द्रीय बैंकको साइबर सुरक्षाको विषयमा सहभागीहरूबीच छलफल भएको थियो ।

सो अवसरमा रिजर्व बैंक अफ इण्डियाले सार्कफाइनान्सको अध्यक्षता अप्रिल १, २०२१ देखि लागू हुने गरी माल्दीभ्स मनिटरी अथोरिटीलाई हस्तान्तरण गरेको थियो । सो अवसरमा रिजर्व बैंक अफ इण्डियाका कार्यकारी निर्देशक आर सुब्रमनियनले समापन मन्तव्य राख्नुभएको थियो । कार्यक्रममा नेपाल राष्ट्र बैंकका तर्फबाट कार्यकारी निर्देशकहरू डा. नेफिल मातङ्गि मास्के, डा. गुणाकर भट्टलगायतको सहभागिता थियो ।

# विद्युतीय भुक्तानीको सीमामा वृद्धि

नेपाल राष्ट्र बैंकले विद्युतीय माध्यमबाट हुने भुक्तानी कारोबारको सीमा बढाएको छ । भुक्तानी प्रणाली विभागले २०७७ फागुन १९ गते एक परिपत्र जारी गर्दै यस्तो सीमा बढाइएको जनाएको छ ।

विभागको परिपत्र अनुसार मोबाइल बैंकिङबाट प्रतिदिन दुई लाख रूपैयाँसम्म कारोबार गर्न सकिनेछ । यसअघि मोबाइल बैंकिङको कारोबार सीमा एक लाख रूपैयाँ थियो । इन्टरनेट बैंकिङ (मर्चेन्ट पेमेन्ट) र इन्टरनेट बैंकिङ (एकाउन्ट ट्रान्सफर) बाट प्रतिदिन २० लाख रूपैयाँसम्म कारोबार गर्न सकिनेछ । यसअघि यस्तो सीमा १० लाख रूपैयाँ थियो ।

तथापि, कुनै व्यक्तिको नाममा बैंक तथा वित्तीय संस्थामा रहेको एउटा खाताबाट सोही व्यक्तिको नाममा सोही संस्थामा रहेको अर्को खातामा रकमान्तर गर्न, सरकारी कर, राजस्व, जरिवाना, दस्तुर वा सेवा शुल्कको भुक्तानी गर्न, विद्युत, दूरसञ्चार, खानेपानी, बीमा प्रिमियम, सामाजिक सुरक्षा भत्ताको रकम भुक्तानी गर्न, शिक्षण संस्था, होटल/रेस्टुराँको बिल रकम भुक्तानी गर्न, धितोपत्र कारोबार रकमको भुक्तानी गर्न भने तोकिएको सीमाले बाधा नपार्ने समेत विभागले स्पष्ट पारेको छ ।

# डेपुटी गभर्नरद्वय शिवाकोटी र श्रेष्ठको बिदाई

नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नरद्वय चिन्तामणि शिवाकोटी र शिवराज श्रेष्ठले पाँच वर्षे पदावधि पूरा गर्नुभएको छ।

२०७७ फागुन १८ आयोजित एक कार्यक्रमका बीच उहाँहरूको बिदाई गरिएको हो। कार्यक्रममा गभर्नर महाप्रसाद अधिकारीले डेपुटी गभर्नरद्वय शिवाकोटी र श्रेष्ठलाई दोसल्ला ओढाई मायाको चिनो प्रदान गर्नुभयो।

सो अवसरमा गभर्नर अधिकारीले बैंक सेवामा रहँदा डेपुटी गभर्नरद्वयले पुऱ्याउनुभएको योगदानको चर्चा गर्दै अवकाश जीवनको निम्ति शुभकामना समेत दिनुभयो। उहाँहरूको क्षमतालाई भविष्यलाई राज्यले उपयोग गर्ने विश्वास गभर्नर अधिकारीले व्यक्त गर्नुभयो।

कार्यक्रममा डेपुटी गभर्नर शिवाकोटीले आफ्नो कार्यकालमा तर्जुमा भएका नीतिगत व्यवस्था र तिनको कार्यान्वयनबारे चर्चा गर्नुभयो। यसै गरी, डेपुटी गभर्नर श्रेष्ठले सहायक निर्देशकदेखि डेपुटी गभर्नरसम्मको सेवा



अनुभवबारे चर्चा गर्नुभएको थियो। शिवाकोटी र श्रेष्ठलाई नेपाल सरकारले २०७२ फागुन १९ गते डेपुटी गभर्नरमा नियुक्त गरेको थियो।

कार्यक्रममा बैंकका उपत्यकास्थित विभिन्न विभाग/कार्यालयका अधिकारीहरूको उपस्थिति थियो।

# अध्यक्ष मरासिनीद्वारा गभर्नर अधिकारीसमक्ष शपथ ग्रहण

नेपाल बैंक लिमिटेडका नवनिर्वाचित अध्यक्ष मधुकुमार मरासिनीले गभर्नर महाप्रसाद अधिकारीसमक्ष २०७७ फागुन ११ गते पद तथा गोपनीयताको शपथ लिनुभएको छ। शपथ ग्रहणपछि गभर्नर अधिकारीले अध्यक्ष शर्मालाई सफल कार्यकालको निम्ति शुभकामना दिनुभयो।

नेपाल बैंक लिमिटेड सञ्चालक समितिको फागुन १० गते बसेको बैठकले मरासिनीलाई अध्यक्ष चयन गरेको थियो। महालेखा नियन्त्रकसमेत रहनुभएका मरासिनीलाई यसअघि अर्थ मन्त्रालयले सञ्चालक समितिको सदस्यमा नियुक्त गरेको थियो। उहाँको कार्यकाल चार वर्षको हुनेछ। बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १४ (५) मा सञ्चालकले आफूमध्ये बहुमतबाट छानेको व्यक्ति सञ्चालक समितिको अध्यक्ष हुने व्यवस्था छ।



उक्त ऐनको दफा १२७ मा बैंक तथा वित्तीय संस्थाका सञ्चालक समितिका अध्यक्षले राष्ट्र बैंकसमक्ष पद तथा गोपनीयताको शपथ लिनुपर्ने व्यवस्था छ।

# धनगढीमा योग शिविर सम्पन्न

धनगढी कार्यालयले २०७७ फागुन १५ गते तनाव व्यवस्थापन सम्बन्धी एक दिने योग शिविर कार्यक्रम आयोजना गऱ्यो। कार्यालयका का.मु. निर्देशक सुशील ज्ञवालीको संयोजकत्वमा विभिन्न योगाभ्यासलाई समेटेर उक्त योग शिविर आयोजना गरिएको हो।

सो अवसरमा धनगढी कार्यालयका सहायक निर्देशक एवम् नैनादेवी योग केन्द्रका योग प्रशिक्षक प्रेम चन्द ठकुरी र पतञ्जलि योग समिति, नेपालका उप-शिक्षक भानुभक्त भट्टराईले योग प्रशिक्षण दिँदै यसको महत्वबारे चर्चा गर्नुभएको थियो। योग शिविरमा कार्यालयका कर्मचारीहरूको सहभागिता थियो।



# धनगढी कार्यालयमा ज्ञान आदानप्रदान कार्यक्रम

धनगढी कार्यालयले २०७७ फागुन १४ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो। कार्यक्रममा कार्यालयका उप-निर्देशक राकेश प्रजापतीले 'नेपाल राष्ट्र बैंकमा सुपरिवेक्षणसम्बन्धी दृष्टिकोण' विषयमा वार्ता प्रस्तुत गर्नुभयो।



सो अवसरमा उप-निर्देशक प्रजापतीले राष्ट्र बैंकले अवलम्बन गरेको सुपरिवेक्षण र निरीक्षणसम्बन्धी नीतिगत व्यवस्था, स्थलगत तथा गैरस्थलगत सुपरिवेक्षणका विधि, प्रक्रियाबारे जानकारी दिनुभयो। साथै, स्थलगत निरीक्षणमा अपनाइएको जोखिममा आधारित सुपरिवेक्षण र गैरस्थलगत सुपरिवेक्षणको केल्स रेटिङलगायत अन्य सुपरिवेक्षकीय पद्दतिका बारेमा समेत उहाँले प्रस्तुति दिनुभएको थियो।

धनगढी कार्यालयका कर्मचारीहरूको सहभागिता रहेको सो कार्यक्रम प्रधान सहायक डम्बरदत्त भट्टले सञ्चालन गर्नुभएको थियो।

# धनगढीको त्रिनगर हाटमा क्यूआर कोडको सुरुआत

धनगढीस्थित त्रिनगर कृषि उपज हाटबजारमा २०७७ फागुन ४ देखि क्यूआर कोड सेवा सञ्चालनमा ल्याइएको छ।

नेपाल राष्ट्र बैंक, धनगढी कार्यालयका निर्देशक शुभाषचन्द्र घिमिरेले उक्त सेवाको शुभारम्भ गर्नुभयो। माछापुच्छ्रे बैंक लिमिटेडको प्रयासमा त्रिनगर हाटमा क्यूआर कोड सेवा सुरुआत गरिएको हो।

कार्यक्रममा निर्देशक घिमिरेले क्यूआर कोड सेवासँगै उपभोक्तामा डिजिटल सेवाको पहुँच विस्तार हुने विश्वास व्यक्त गर्नुभयो



# सिद्धार्थनगरका ई-रिक्सामा क्यूआर कोड




रूपन्देहीस्थित सिद्धार्थनगर नगर क्षेत्रमा सञ्चालित ई-रिक्साहरूमा क्यूआर कोडबाट भुक्तानी कार्यको सुरुआत भएको छ । २०७७ फागुन ६ गते आयोजित एक कार्यक्रमका बीच सिद्धार्थनगर कार्यालयका निर्देशक सुदीप फुयालले सो कार्यको शुभारम्भ गर्नुभएको हो ।

शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक र ई-रिक्सा चालक संघको सहकार्यमा सिद्धार्थनगर क्षेत्रका ई-रिक्सामा क्यूआर कोड सेवाको सुरुआत गरिएको हो । सो अवसरमा निर्देशक फुयालले नेपालमा डिजिटल भुक्तानी प्रणालीलाई सरल र सहज बनाई सर्वसाधारणको पहुँचसम्म पुऱ्याउनका लागि राष्ट्र बैंकले क्यूआर कोड भुक्तानीलाई अभियानको रूपमा विस्तार गरेको जानकारी दिँदै यो सेवामा आबद्ध हुन सबैलाई आह्वान गर्नुभयो ।

ई-रिक्सा चालक संघका अध्यक्ष हरिबहादुर नेपालीले भैरहवामा सञ्चालित सबै ई-रिक्साहरूमा क्रमशः क्यूआर कोड भुक्तानी सेवा विस्तार गरिने जानकारी दिनुभयो । कार्यक्रममा शाइन रेसुङ्गा डेभलपमेण्ट बैंकका प्रमुख कार्यकारी अधिकृत प्रकाश पौडेल, नेपाल राष्ट्र बैंक, सिद्धार्थनगर कार्यालयका सहायक निर्देशक रमेशकुमार न्यौपाने, ई-रिक्सा चालक संघका पदाधिकारी, ई-रिक्सा चालकलगायतको उपस्थिति थियो ।

यसैबीच, सिद्धार्थनगर-८ स्थित मायादेवी तरकारी तथा फलफूल बजारमा पनि क्यूआर कोडमार्फत हुने भुक्तानी कार्यको आरम्भ भएको छ । कार्यालयका निर्देशक सुदिप फुयालले फागुन १० गते आयोजित कार्यक्रमका बीच उक्त सेवाको शुभारम्भ गर्नुभयो । नबिल बैंकको पहलमा सो बजारमा क्यूआर कोड प्रविधिको थालनी गरिएको जनाइएको छ ।

साथै, पाल्पाको तानसेन बजारमा फागुन १५ गते स्थानीय व्यवसायी, कृषक, पेशाकर्मीलगायत ११८ जनालाई क्यूआर कोड वितरण गरिएको छ । नेपाल बैंक लिमिटेडको प्रयासमा तानसेनमा क्यूआर कोड वितरण गरिएको थियो ।

# सिद्धार्थनगर कार्यालयमा अन्तरक्रिया कार्यक्रम सम्पन्न



सिद्धार्थनगर कार्यालयले २०७७ फागुन ११ गते नगदरहित कारोबारको प्रवर्द्धन र सफा नोट नीतिको कार्यान्वयनमा केन्द्रित रहेर एक दिने अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

कार्यालयका निर्देशक सुदीप फुयालको उपस्थितिमा आयोजित कार्यक्रममा बैंक तथा वित्तीय संस्थाका प्रदेश/शाखा प्रमुखसँगै अन्य संस्थाका प्रतिनिधिको सहभागिता थियो । विद्युतीय भुक्तानी कारोबारको सहजीकरणका निम्ति बैंक तथा वित्तीय संस्थाले खेल्नुपर्ने भूमिका, विद्युतीय भुक्तानी कारोबारमा सरकारको नीति, राष्ट्र बैंकको सफा नोट नीति विषयमा उक्त अन्तरक्रिया कार्यक्रम केन्द्रित थियो ।

कार्यक्रममा निर्देशक फुयालसँगै नेपाल बैंकर्स एसोसिएसन, लुम्बिनी प्रदेशका संयोजक रामराज उपाध्याय, उप-संयोजक विष्णुप्रसाद ज्ञवाली, नेपाल लाइभस्टक सेन्टर इन्नोभेसन आयोजना, लुम्बिनी प्रदेशका प्रमुख डा. पुरुषोत्तम त्रिपाठीलगायतले विद्युतीय भुक्तानी कारोबारको विषयमा आ-आफ्नो धारणा राख्नुभयो ।

नेपाल राष्ट्र बैंकले अभियानकै रूपमा अघि बढाएको क्यूआर कोड प्रवर्द्धनको विषयमा समेत सहभागीहरूबीच छलफल भएको थियो । कार्यक्रममा लुम्बिनी प्रदेशस्थित बैंक तथा वित्तीय संस्थाका प्रदेश/शाखा प्रमुखहरूको सहभागिता थियो ।

# बारामा वित्तीय चेतना अभिवृद्धि कार्यक्रम




वीरगञ्ज कार्यालयले २०७७ फागुन २८ गते बारा जिल्लास्थित बारागढी गाउँपालिका-६, गडहलमा वित्तीय चेतना अभिवृद्धि कार्यक्रम आयोजना गऱ्यो ।

वीरगञ्ज कार्यालयका का. मु. निर्देशक डण्डप्रसाद खरेलको सभापतित्व र बारागढी गाउँपालिकाका अध्यक्ष देवदत्त बछार थारुको प्रमुख आतिथ्यमा उक्त कार्यक्रम आयोजना गरिएको हो । कार्यक्रममा स्थानीय बैंक तथा वित्तीय संस्था, सहकारी संस्थाका प्रतिनिधि, स्थानीय विद्यालयका शिक्षक, विद्यार्थीलगायतको सहभागिता थियो ।

सो अवसरमा गभर्नरको कार्यालयका उप-निर्देशक डा. भागवत आचार्यले वित्तीय प्रणालीको परिचय, बैंक तथा वित्तीय संस्थाको जिम्मेवारी, वित्तीय समावेशीकरण, वित्तीय सशक्तीकरण, वित्तीय ग्राहकको संरक्षण, सफा नोट नीति, आधुनिक बैंकिङ सेवालगायतका विषयमा वार्ता प्रस्तुत गर्नुभयो । कार्यक्रममा वीरगञ्ज कार्यालयका सहायक निर्देशक अमिष शर्माले सक्कली र नक्कली नोट छुट्याउने विधिको प्रयोगात्मक अभ्यासमार्फत जानकारी दिनुभयो ।

कार्यक्रममा बारागढी गाउँपालिकाका अध्यक्ष देवदत्त बछार थारुले कार्यक्रम सान्दर्भिक रहेको चर्चा गर्दै ग्रामीण भेगमा वित्तीय चेतना अभिवृद्धि कार्यक्रमलाई विस्तार गर्नुपर्ने आवश्यकतामा जोड दिनु भयो । वीरगञ्ज कार्यालयका का.मु.निर्देशक डण्डप्रसाद खरेलले वित्तीय चेतना कार्यक्रमको महत्वबारे चर्चा गर्दै सहभागीहरूलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

वीरगञ्ज कार्यालयका का.मु.सहायक निर्देशक दिनेशप्रसाद साहले स्वागत मन्तव्य राख्दै कार्यक्रमको औचित्यबारे प्रकाश पार्नुभएको थियो ।

# अछाममा तथ्याङ्क सङ्कलनसम्बन्धी गोष्ठी सम्पन्न

धनगढी कार्यालयले २०७७ फागुन २० गते अछामको साँफेबगरमा 'आर्थिक तथ्याङ्कको महत्व, उपादेयता र तथ्याङ्क सङ्कलनका समस्याहरू' विषयक एक दिने गोष्ठी आयोजना गऱ्यो ।

कार्यालयका निर्देशक शुभाषचन्द्र घिमिरेको अध्यक्षतामा आयोजित कार्यक्रममा सरकारी निकाय, बैंक तथा वित्तीय संस्था, अछाम उद्योग वाणिज्य संघ, होटल तथा पर्यटन व्यवसायी संघ, शैक्षिक संस्थालगायतका सरोकारवाला निकायका प्रतिनिधिको सहभागिता थियो ।

सो अवसरमा धनगढी कार्यालयका उप-निर्देशक सुशील ज्ञवालीले 'आर्थिक तथ्याङ्कको महत्व, उपादेयता र तथ्याङ्क सङ्कलनका समस्याहरू' विषयमा वार्ता प्रस्तुत गर्नुभयो । यस क्रममा उहाँले राष्ट्र बैंकले सङ्कलन गर्ने तथ्याङ्कका क्षेत्र, तथ्याङ्क सङ्कलनमा प्रयोग गरिने ढाँचा, तथ्याङ्क सङ्कलनको समय सीमा, तथ्याङ्कमा हुनुपर्ने शुद्धतालगायतका



विषयमा स्पष्ट पार्नुभयो ।

कार्यक्रममा सहभागीहरूले समेत आर्थिक तथ्याङ्क सङ्कलनका विषयमा आफ्ना धारणा र जिज्ञासा राख्नुभएको थियो । सो अवसरमा निर्देशक घिमिरेले सहभागीहरूलाई धन्यवाद दिँदै बैंकले माग गरेका तथ्याङ्क उपलब्ध गराई सहयोग गर्न सरोकारवाला निकायका प्रतिनिधिलाई आग्रह गर्नुभयो ।

कार्यक्रममा धनगढी कार्यालयका उप-निर्देशक मधुसूदन दवाडीले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो भने प्रधान सहायक डम्बरदत्त भट्टले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# वीरगञ्जमा अनुशिक्षण सम्पन्न



वीरगञ्ज कार्यालयले २०७७ फागुन ६ गते 'सम्पत्ति शुद्धीकरण निवारण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रण' सम्बन्धी अनुशिक्षण कार्यक्रम आयोजना गऱ्यो ।

कार्यालयका निर्देशक डा. राजनकृष्ण पन्तको सभापतित्वमा आयोजित कार्यक्रममा वित्तीय जानकारी इकाईका उप-निर्देशक स्वरूप श्रेष्ठले सम्पत्ति शुद्धीकरण निवारण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रण' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो । यसै गरी, इकाईका सहायक (सू.प्र.) विवेश पोखरेलले गो-एएमएल प्रणालीको कार्यान्वयन सम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रममा वीरगञ्जस्थित बैंक तथा वित्तीय संस्था र अन्य सूचक संस्थाका ६५ जना प्रतिनिधिको सहभागिता थियो । सहभागीले राखेका जिज्ञासामाथि वित्तीय जानकारी इकाईका उप-निर्देशक स्वरूप श्रेष्ठ, वीरगञ्ज कार्यालयका उप-निर्देशक विनय सिग्देल र सहायक (सू.प्र.) विवेश पोखरेलको प्यानलले सम्बोधन गरेको थियो ।

सो अवसरमा निर्देशक पन्तले कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्नुभयो भने उप-निर्देशक सिग्देलले स्वागत मन्तव्य राख्नुभयो । वीरगञ्ज कार्यालयका सहायक निर्देशक अमिश शर्माले कार्यक्रम सञ्चालन गर्नुभयो भने का.मु. उप-निर्देशक जितेन्द्रनाथ झाले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

यसै गरी, वीरगञ्ज कार्यालयले बैंकिङ विभागको समन्वयमा फागुन ७ गते सरकारी कारोबार निर्देशिका, २०७६ को कार्यान्वयनका सम्बन्धमा एक दिने अनुशिक्षण कार्यक्रम आयोजना गऱ्यो । बैंकिङ विभागका कार्यकारी निर्देशक नरेश शाक्यको प्रमुख आतिथ्य र वीरगञ्ज कार्यालयका निर्देशक डा. राजनकृष्ण पन्तको सभापतित्वमा उक्त कार्यक्रम आयोजना गरिएको हो ।

कार्यक्रममा कार्यकारी निर्देशक शाक्य, प्रदेश लेखा नियन्त्रक हरिप्रसाद उपाध्याय, बैकिङ विभागका सहायक निर्देशक सफल श्रेष्ठले सरकारी कारोबार निर्देशिका, २०७६ कार्यान्वयन सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । सो अवसरमा वीरगञ्जस्थित वाणिज्य बैंकका प्रतिनिधिहरूको सहभागिता थियो । सो अवसरमा वीरगञ्ज कार्यालयका का.मु उप-निर्देशक कृष्णकुमार श्रेष्ठले स्वागत मन्तव्य राख्नुभयो भने का.मु उप-निर्देशक श्री जितेन्द्रनाथ झाले धन्यवाद ज्ञापन गर्नुभयो । सहायक निर्देशक प्रदीप बानियाँले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।



# बैंकर्स प्रशिक्षण केन्द्रद्वारा दुई वटा तालिम सम्पन्न

बैंकर्स प्रशिक्षण केन्द्रले २०७७ फागुन ९-११ मा 'Organizational Behaviour' विषयक तीन दिने तालिम कार्यक्रम आयोजना गऱ्यो ।

काठमाडौंमा सञ्चालित उक्त तालिममा बैंकको विभिन्न विभाग/कार्यालयका सहायकस्तरका ३० जना कर्मचारीको सहभागिता थियो । आठवटा सेसनमा सञ्चालित उक्त तालिममा तनाव व्यवस्थापन, साङ्गठनिक सम्बन्ध, स्व:प्रेरणा, नैतिक आचरण, सामाजिक शिष्टाचार लगायतका विषयमा नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानका प्रशिक्षकहरूले प्रशिक्षण दिनुभएको थियो ।

यसै गरी, केन्द्रले फागुन १६-२१ मा पोखरामा 'Central Banking' विषयक तालिम कार्यक्रम आयोजना गऱ्यो । उक्त तालिममा विभिन्न विभाग/कार्यालयका २९ जना सहायक निर्देशकहरूको सहभागिता थियो ।

१७ वटा सेसनमा सञ्चालित उक्त तालिममा राष्ट्र बैंकका मुख्य काम कारबाहीसँग विषयमा आन्तरिक विज्ञ प्रशिक्षकहरूद्वारा वार्ता प्रस्तुत गरिएको थियो ।

# संस्थागत सामाजिक उत्तरदायित्व र नेपालको वित्तीय क्षेत्र

डा. भागवत आचार्य
उप-निर्देशक



**संस्थागत सामाजिक उत्तरदायित्वको अवधारणा**

कुनै पनि व्यावसायिक क्रियाकलापको आधारभूमि समाज हो । समाजबाटै व्यवसाय सिर्जना हुन्छ र विकसित हुन्छ । व्यवसायको सफलता तथा असफलता, घाटा तथा नाफा सबै समाजरूपी वर्तनबाटै व्यवसायरूपी दीप जल्दछ । समाजका व्यक्तिहरूले नै हरेक व्यवसायलाई सफल बनाउँछन् । समाजमा बसोबास गर्ने व्यक्तिहरूको दृष्टिकोण र व्यवहारले नै कुनै पनि संस्था वा कम्पनी सफल वा असफल बन्ने हुन्छ तसर्थ समाज व्यावसायिकताको प्राण हो ।

व्यावसायिक सफलताको आधारभूमि समाज भए पछि समाजप्रति पनि सो कम्पनीको कुनै न कुनै दायित्व वा कर्तव्य हुन आउँछ । आफ्नो नाफाको केही अंश समाजका लागि योगदान गर्नुपर्छ भन्ने अवधारणाले संस्थागत सामाजिक उत्तरदायित्वलाई जनाउँछ ।

सर्वसाधारणबाट निक्षेप सङ्कलन तथा सो निक्षेपलाई कर्जाको रूपमा प्रवाह गर्न इजाजत पाएका बैंक तथा वित्तीय संस्थासमेत समाजप्रति उत्तरदायी हुनुपर्दछ भन्ने अवधारणाका साथ नेपाल राष्ट्र बैंकले यससम्बन्धी नीतिगत व्यवस्था गरेको छ । जसअनुसार बैंकहरूले आफ्नो नाफाको निश्चित प्रतिशत रकम समाजका लागि खर्च गर्नुपर्ने हुन्छ । बैंक तथा वित्तीय संस्थाहरूका लागि जारी गरिएको एकीकृत निर्देशनको निर्देशन नं. ६ मा संस्थागत सामाजिक उत्तरदायित्वसम्बन्धी व्यवस्था छ जसलाई यहाँ प्रस्तुत गरिएको छ :

**संस्थागत सामाजिक उत्तरदायित्वसम्बन्धी नीतिगत व्यवस्था**

बैंक तथा वित्तीय संस्थाहरूले आफ्नो वार्षिक नाफाको एक प्रतिशत रकम संस्थागत सामाजिक उत्तरदायित्वसम्बन्धी कार्यमा खर्च गरी यस क्षेत्रमा वित्तीय क्षेत्र पनि क्रियाशील हुनुपर्ने व्यवस्था गरिएको छ । सो एक प्रतिशत रकम वार्षिक रूपमा छुट्याई संस्थागत सामाजिक उत्तरदायित्व कोषमा जम्मा गर्नुपर्ने र सो कोषमा जम्मा भएको रकम अर्को आर्थिक वर्षमा खर्च गर्ने व्यवस्था मिलाउनुपर्ने व्यवस्था छ । साथै, वार्षिक २० प्रतिशतभन्दा बढी लाभांश (नगद वा बोनस) वितरणको प्रस्ताव गर्ने बैंक तथा वित्तीय संस्थाहरूले २० प्रतिशतभन्दा माथिको प्रस्तावित लाभांशको २५ प्रतिशतले हुने रकम संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत खर्च गर्नुपर्ने पनि व्यवस्था गरिएको छ ।

बैंक तथा वित्तीय संस्थाहरूले संस्थागत सामाजिक उत्तरदायित्व कोषबाट निम्नबमोजिमका क्षेत्रहरूमा खर्च गर्न सकिने पनि व्यवस्था गरिएको छ :

(१) **सामाजिक परियोजनाहरूमा हुने खर्च :** शिक्षा, स्वास्थ्य, दैवी प्रकोप व्यवस्थापन, वातावरण संरक्षण (फोहोर मैला सङ्कलन गर्ने फोहरदानी (Dustbin/Container आदि), सांस्कृतिक प्रवर्द्धन, दुर्गम क्षेत्रमा पूर्वाधार सुधार, सामाजिक रूपले पिछडिएका वर्गको आयआर्जन क्षमता अभिवृद्धि, वित्तीय साक्षरता, ग्राहक संरक्षणसम्बन्धी कार्यक्रम, यात्रु प्रतिक्षालय निर्माण, सडक बत्ती, सार्वजनिक शौचालय निर्माण जस्ता सामाजिक कार्य आदिमा गर्ने प्रत्यक्ष तथा अप्रत्यक्ष खर्च यसअन्तर्गत गरिने खर्चमा गणना गरिने व्यवस्था गरिएको छ । खर्च गर्ने परियोजना छनोट गर्दा सम्बन्धित क्षेत्रमा कार्य गरिरहेका विशिष्टीकृत संस्थाबाट सार्वजनिक सूचनामार्फत् प्रस्ताव माग गरी छनोट गर्नुपर्ने व्यवस्थासमेत गरिएको छ ।

(२) **वित्तीय साक्षरता :** बैंक तथा वित्तीय संस्थाले वित्तीय साक्षरतासम्बन्धी विविध कार्यक्रम तथा लक्षित तालिमहरू सञ्चालन गरी महिला तथा सामाजिक रूपले पिछडिएका वर्गलाई वित्तीय सेवा सम्बन्धमा साक्षर बनाई वित्तीय सेवाप्रतिको पहुँच अभिवृद्धिका लागि सामाजिक उत्तरदायित्व कोषको पाँच प्रतिशत रकम खर्च गर्नुपर्ने व्यवस्था गरिएको छ ।

(३) **प्रत्यक्ष अनुदान खर्च :** अति विपन्न वर्गका लागि शिक्षा तथा स्वास्थ्यमा हुने खर्च बेहोरिदिने गरी गरिने प्रत्यक्ष अनुदान खर्च वा त्यस्ता क्षेत्रमा संलग्न तथा क्रियाशील संस्थाहरूको भौतिक संरचना निर्माण, साधन खरिद सञ्चालन खर्च आदिमा दिइने प्रत्यक्ष अनुदान खर्च ।

(४) **दिगो विकास लक्ष्य :** नेपालको दिगो विकास लक्ष्य, २०१६-२०३० (Sustainable Development Goals, 2016-2030) ले पहिचान गरेका १७ वटा क्षेत्रहरूमा तोकिएका लक्ष्यहरूको प्राप्तिमा सहयोग हुने गरी गरिने अन्य प्रत्यक्ष तथा अप्रत्यक्ष खर्चहरू पनि यस कोषअन्तर्गत भएको खर्च मानिने व्यवस्था गरिएको छ ।

(५) **सामाजिक कार्य :** लघुवित्त वित्तीय संस्थाले आफ्नो संस्थामा कार्यरत कर्मचारीहरूका लागि Child Day Care Centre को व्यवस्था गर्दा लाग्ने खर्च पनि यस कोषबाट गर्न सकिने व्यवस्था गरिएको छ । यसै गरी व्यावसायिक रूपमा स्थापना भएका बाहेकका अनाथालय, बालमन्दिर र वृद्धाश्रमलाई दिइएको अनुदान तथा गरिएका खर्चहरू पनि यस कोषबाट खर्च गर्न पाइने व्यवस्था छ ।

(६) **कोभिड-१९ र यसको रोकथाम :** यसै गरी कोभिड-१९ को प्रकोपलाई सामना गर्नका लागि समेत यस कोषबाट खर्च गर्न सकिने र सो खर्च संस्थागत सामाजिक उत्तरदायित्वमा गणना हुने व्यवस्था गरिएको छ । जसअनुसार संस्थामा कार्यरत कर्मचारीको लागि कोभिड-१९ जस्ता महामारीजन्य रोगबाट सुरक्षित राख्न, रोकथाम गर्न तथा उपचार गर्दा लाग्ने (वास्तविक बिल बमोजिमको) खर्चका साथै लघुवित्त वित्तीय संस्थाको २०७७ असार मसान्तमा संस्थागत सामाजिक उत्तरदायित्व कोषमा बाँकी रहेको सम्पूर्ण रकम २०७७ साउन मसान्तभित्र नेपाल सरकारले स्थापना गरेको कोरोना संक्रमण रोकथाम, नियन्त्रण र उपचार कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरिएको थियो ।

*बाँकी पृष्ठ १५ मा*

# वित्तीय स्थायित्व

पृथु शर्मा बिनाडी
सहायक निर्देशक



**पृष्ठभूमि**

समग्रमा वित्तीय स्थायित्व एक फराकिलो अवधारणा हो जसले वित्तीय क्षेत्रको पूर्वाधार, संस्था तथा बजार आदि सबै पक्षलाई समेट्छ। वित्तीय स्थायित्व कुनै एउटा समयमा कायम हुनुपर्नेभन्दा पनि निरन्तर भइराख्नु पर्ने विषय हो । त्यसैले यस विषयलाई विश्वभर महत्वपूर्ण मानिएको छ र नियामक निकायहरू यस विषयलाई निरन्तर अनुगमन गरिरहेका हुन्छन् ।

सामान्यतया वित्तीय स्थायित्वले वित्तीय संस्थाहरूले वित्तीय उपकरणहरूको माध्ययमबाट सहज रूपमा वित्तीय मध्यस्तकर्ताको भूमिका निर्वाह गर्न सक्दछन् ।

मूलभूत रूपमा वित्तीय स्थायित्व कायम हुँदा निम्न तीनवटा अवस्था रहन्छन् :

१. प्रभावकारी तथा सहज रूपमा बचतकर्ताहरूबाट लगानीकर्तासम्म स्रोत पुग्ने ।

२. भविष्यमा देखा पर्न सक्ने वित्तीय जोखिमहरूको मापन गर्ने संयन्त्रको विकास भइसकेको तथा यस्ता जोखिमको असर न्यूनीकरण गर्न वित्तीय क्षेत्र तयार रहेको ।

३. भविष्यमा देखा पर्न सक्ने आर्थिक तथा अन्य जोखिमहरूको असर वित्तीय क्षेत्रमा आएमा वित्तीय क्षेत्रले सहजै सो जोखिमहरू सोचन गर्न सक्ने अवस्था ।

**वित्तीय स्थायित्वको आवश्यकता**

विश्वका अर्थतन्त्रहरूको अवस्था हेर्ने हो भने वित्तीय क्षेत्रको विकासले समग्र अर्थतन्त्रकै विकासमा टेवा पुऱ्याएको देखिन्छ। स्थिर वित्तीय क्षेत्रले समग्र अर्थतन्त्रको दिगो विकासका लागि स्रोत र साधनहरूको व्यवस्थापन, पहुँच तथा लगानीको वातावरणको सिर्जना गरी जोखिमलाई प्रसोचनसमेत गर्दछ। त्यसकारण स्वस्थ, स्थायी, विश्वासिलो तथा प्रतिस्पर्धी वित्तीय क्षेत्रले स्रोत तथा साधनको प्रभावकारी वितरण तथा बाँडफाँड गरी अर्थतन्त्रलाई चलायमान बनाउन सहयोग गर्दछ ।

वित्तीय क्षेत्रमा अस्थिरता देखा परेमा वित्तीय मध्यस्तकर्ताको भूमिकामा विश्वास घट्दै गई स्रोत र साधनको पहुँचमा समस्या आउने गर्दछ। फलस्वरूप बेरोजगारी, आर्थिक मन्दी, मूल्य अस्थिरता जस्ता समस्याहरू आउन सक्छन् । तसर्थ वित्तीय क्षेत्रमा अस्थिरता देखिएको खण्डमा अर्थतन्त्रलाई निकै ठूलो भार पर्ने भएको हुँदा नियामक निकायहरूले वित्तीय क्षेत्रको स्थायित्व कायम राख्न हरसम्भव प्रयास गरिरहेका हुन्छन् ।

वित्तीय स्थायित्वको मापन गर्नका लागि विभीन्न सूचकाङ्कहरूको सहयोग लिने गरिन्छ । यस सम्बन्धमा अन्तर्राष्ट्रिय मुद्रा कोषले वित्तीय सुदृढता परिसूचकहरू (Financial Soundness Indicators) निर्धारण गरेको छ । यस्ता सूचकहरूको माध्यमबाट वित्तीय क्षेत्रमा आउन सक्ने सङ्कटलाई प्रक्षेपण गरी क्षति न्यूनीकरणका प्रयास गर्न सकिन्छ ।

**वित्तीय स्थायित्वका सूचकाङ्कहरू**

अन्तर्राष्ट्रिय मुद्रा कोषले वित्तीय क्षेत्र स्थायित्व मापन गर्नका लागि जारी गरेको वित्तीय सुदृढता परिसूचकहरूका लागि Financial Soundness Indicators Compilation Guide जारी गरेको छ । सो मार्गदर्शनका अनुसार बचत तथा निक्षेप सङ्कलन गर्ने वित्तीय संस्थाहरूका लागि पुँजी पर्याप्तता, तरलता, आय तथा आम्दानी, सम्पत्तिको अवस्था (Assets Quality) तथा बजार जोखिमको संवेदनशीलता (Sensitivity to the Market Risk) मापन गर्नुपर्ने र सोको लागि विभिन्न सूचकहरू समेत जारी गरेको छ । यसै गरी, सोही मार्गदर्शनले गैरबैंकिङ वित्तीय संस्थाहरूका लागि समेत विभिन्न वर्गमा सूचकहरूबारे सुझाव दिएको छ ।

**नेपालको सन्दर्भमा वित्तीय स्थायित्वको अवस्था**

नेपाल राष्ट्र बैंक ऐन २०५८, को दफा ४(१) को खण्ड (ख) मा बैंकको उद्देश्यअन्तर्गत वित्तीय स्थायित्वसम्बन्धी निम्नबमोजिमको नीतिगत व्यवस्था रहेको :

"वित्तीय सेवाको पहुँच अभिवृद्धि र बैंकिङ तथा वित्तीय क्षेत्रको स्थायित्व कायम गरी बैंकिङ तथा वित्तीय प्रणालीप्रति सर्वसाधारणको विश्वसनीयता अभिवृद्धि गर्ने ।"

यसैको अधीनमा रही नेपाल राष्ट्र बैंकले वित्तीय स्थायित्व कायम गर्नका निम्ति समय समयमा नीति, नियम तथा परिपत्रहरू जारी गर्ने गरेको ।

नेपालको सन्दर्भमा वित्तीय स्थायित्वको सूचकाङ्कहरू हेर्न Financial Stability Oversight Committee तथा Financial Stability Sub-committee गठन गरिएको छ भने वित्तीय स्थायित्व इकाईले वित्तीय सूचकहरूको निरन्तर अनुगमन गर्दै आएको छ। नेपालमा समेत अन्तराष्ट्रिय मुद्रा कोषले सुझाएको वित्तीय सुदृढता परिसूचकहरूकै सेरोफेरोमा रही वित्तीय स्थायित्व मापन गर्ने गरिएको छ ।

**तथ्याङ्कमा वित्तीय स्थायित्व**

२०७७ पुस मसान्तसम्मको अवस्था हेर्ने हो भने वित्तीय स्थायित्वका सूचकाङ्कहरू सन्तोषजनक अवस्थामा रहेका छन् ।

तरलताको उतार चढावहरू बैंकिङ क्षेत्रमा भइराख्ने विषय हो । बैंकिङ क्षेत्रको तरलताले समग्र अर्थतन्त्रलाई चलायमान बनाउन मद्दत गर्ने हुँदा नेपाल राष्ट्र बैंकले तरलताको सन्दर्भमा विगतदेखि नै तदारुकताका साथ नीति नियमहरू बनाउने गरेको छ । तरलताका सूचकाङ्कहरू हेर्ने हो भने हालको अवस्थामा तरलता पर्याप्त रहेको

देखिन्छ ।

पुँजी पर्याप्तताले जोखिम बहन तथा सोचन कार्य गर्ने भएको हुँदा नेपाल राष्ट्र बैंकले पुँजी पर्याप्तताको सम्बन्धमा कायम गर्नुपर्ने न्यूनतम सीमा तोकेको छ । पुस मसान्तको तथ्याङ्कमा Core Capital to Risk Weighted Assets ११.५६ प्रतिशत रहेको छ भने Total Capital to Risk Weighted Assets १३.८६ प्रतिशत रहेको छ जुन अनुपात न्यूनतम ६ प्रतिशत तथा ११ प्रतिशतको परिधिअन्तर्गत रहेको ।

सम्पत्तिको अवस्था (Assets Quality) ले बैंकिङ क्षेत्रले लगानी गरेको अवस्थालाई झल्काउँदछ । पुस मसान्तको तथ्याङ्कमा Non Performing Loans to Total Loans १.८४ प्रतिशत रहेको छ भने Total Loan Loss provision to Total Laon २.३१ प्रतिशत रहेको छ । यसले समग्र बैंकिङ क्षेत्रको सम्पत्तिको अवस्था व्यवस्थापन गर्न सकिने अवस्थामा रहेको झल्काउँछ भने केही जोखिम आइपरेको खण्डमा कर्जा नोक्सानी व्यवस्थाले निष्कृय कर्जालाई धान्न सकिने अवस्था रहेको देखिन्छ ।

त्यसै गरी अन्य सूचकाङ्कमा Total deposit to Gross Domestic Product तथा Total credit to Gross Domestic Product क्रमश: ११३.७३ तथा ९७.२१ र Credit to Core Capital and Domestic Deposit Ratio-CCD Ratio ७४.९४ रहेको छ । वित्तीय पहुँचको अवस्था हेर्ने हो भने बैंक तथा वित्तीय संस्थाको संख्या १४४, कुल शाखा सङ्ख्या १०,१८७ र प्रतिशाखा जनसङ्ख्या २,९४५ रहेको अवस्था छ ।

यी सम्पूर्ण सूचकाङ्कहरू हेर्दा नेपालमा हालसम्म वित्तीय क्षेत्रमा स्थायित्व कायम भइरहेको भन्न सकिने अवस्था छ । *(हेर्नुस् तालिका )*

**अबको बाटो**

नेपाल राष्ट्र बैंकको मुख्य उद्देश्यमध्ये एक वित्तीय स्थायित्व कायम गर्ने रहेको सन्दर्भमा विद्यमान समसामयिक निम्न विषयहरूमा समेत ध्यान पुऱ्याउनु पर्ने देखिन्छ :

- बैंकिङ क्षेत्रको विकाससँगै बैंक तथा वित्तीय संस्थाहरूको संख्यात्मक वृद्धि हुँदा केही विकृतिहरू देखा परेको र अस्वस्थ प्रतिसपर्धा बढेको हुँदा बैंक तथा वित्तीय संस्था गाभ्ने तथा गाभिने व्यवस्थालाई प्रोत्साहन गरिने नीति बैंकद्वारा अपनाइएको सन्दर्भमा सो नीतिले मूलभूत रूपमा वित्तीय सुदृढीकरण गरी बैंकको जोखिम बहन गर्न सक्ने क्षमता विकासमार्फत वित्तीय स्थायित्वमा मद्दत पुग्ने हुँदा गाभ्ने तथा गाभिने प्रवृतिलाई थप प्रभावकारी बनाउन आवश्यक रहेको ।
- वित्तीय पहुँचको अवस्था अझ फराकिलो भएमा सर्वसाधारणमा वित्तीय स्वतन्त्रता सबलताको विकास भई वित्तीय क्षेत्रका स्रोतहरू उत्पादनमूलक क्षेत्रमा प्रवाह हुने र यसबाट अर्थतन्त्र चलायमान हुन गई वित्तीय स्थायित्वमा मद्दत पुग्ने हुँदा वित्तीय पहुँचलाई फराकिलो पार्न आवश्यक रहेको ।
- आउँदा दिनमा समग्र वित्तीय क्षेत्र तथा सोका उपकरणहरूमा नवीनता ल्याउन आवश्यक देखिएको छ । नवीनतम विधि तथा उपायहरूले गर्दा वित्तीय उपकरणहरूको विकास भई सबल तथा सुरक्षित तबरबाट कारोबार गर्न तथा वित्तीय क्षेत्रमा विश्वास बढ्ने हुँदा समग्र वित्तीय क्षेत्रलाई स्थायित्व प्रदान गर्न मद्दत पुग्दछ ।

| | |
|---|---|
| **Liquidity Ratios** | |
| Cash & Bank Balance/Total Deposit | 10.47 |
| Total Liquid Assets/Total Deposit | 26.78 |
| **Capital Adequacy Ratios** | |
| Core Capital/Risk Weighted Assets | 11.56 |
| Total Capital/ Risk Weighted Assets | 26.78 |
| Assets Quality | |
| Non Performing Loan/ Total Loan | 1.84 |
| Total Loan Loss Provision /Total Loan | 2.31 |
| **Financial Access** | |
| Number of institutions | 144 |
| Number of Branches+ | 10,187 |
| Population Per branch+ | 2,945 |
| **Others** | |
| Total Deposit/GDP | 113.73 |
| Total Credit/GDP | 97.21 |
| Credit to Core Capital and Domestic Deposit Ratio-CCD Ratio | 74.94 |

+Including microfinance Institutions
Source: Nepal Rastra Bank Monthly Statistics, for the month of Poush

# ओखलढुङ्गा, रामेछाप र काभ्रेमा वित्तीय चेतनासम्बन्धी कार्यक्रम

गभर्नरको कार्यालयको समन्वयमा २०७७ फागुन महिनामा ओखलढुङ्गा, रामेछाप र काभ्रेका विभिन्न स्थानमा वित्तीय चेतना अभिवृद्धि कार्यक्रम सम्पन्न भएका छन् ।



यसै क्रममा उत्प्रेरणा भलायखर्कले फागुन ८ गते ओखलढुङ्गाको चम्पादेवी-२, पुलापुमा वित्तीय चेतना अभिवृद्धि कार्यक्रम आयोजना गऱ्यो । दुई वटा सत्रमा विभाजित उक्त कार्यक्रमको पहिलो सत्र औपचारिक कार्यक्रम र दोस्रो सत्र व्यावहारिक अभ्यासमा केन्द्रित थियो ।

सो अवसरमा नेपाल राष्ट्र बैंक, गभर्नर कार्यालयका सहायक निर्देशक विष्णुदत्त पाण्डेयले वित्तीय साक्षरताको परिचय, महत्व र आवश्यकताबारे सहभागीहरूलाई जानकारी दिनुभयो । कार्यक्रममा वडा अध्यक्ष पुलामीले वित्तीय साक्षरताको महत्वबारे उल्लेख गर्दै उक्त कार्यक्रमको आयोजनाबाट स्थानीय सर्वसाधारणलाई वित्तीय सेवाको उपयोगप्रति जागरुक बनाएको धारणा राख्नुभयो ।

दोस्रो सत्रअन्तर्गतको कार्यक्रममा उत्प्रेरणा भलायखर्कका प्रशिक्षकद्वय लक्ष्मीप्रसाद घिमिरे र ध्रुव खड्काले उद्यमशीलताको विकास, आयआर्जन, बचत, कर्जा, लगानीका सैद्धान्तिक र व्यावहारिक पक्षबारे सहभागीहरूलाई जानकारी दिनुभयो । साथै खेल विधिबाट समेत वित्तीय चेतनाका विभिन्न सन्देश प्रवाह गरिएको थियो ।




सोही संस्थाले फागुन ९ गते रामेछापको खाँडादेवी-१, कोथपेमा वित्तीय चेतना अभिवृद्धि कार्यक्रम आयोजना गऱ्यो । कार्यक्रममा राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, रातमाटा शाखा, सिन्धुलीका प्रबन्धक सरोज प्रसाईंले बैंक तथा वित्तीय संस्थाबाट प्रवाह हुने वित्तीय सेवाको परिचय दिँदै बचत, आयआर्जन, कर्जा लिने प्रक्रियाको जानकारी दिँदै आफ्नो बैंकबाट सहुलियत दरका कर्जा लिएर व्यवसाय विकास गर्न स्थानीय समुदायलाई आह्वान गर्नुभयो । कार्यक्रममा वडा सदस्य कृष्णमाया माझीले आफ्नो क्षेत्रमा वित्तीय साक्षरता कार्यक्रमको आयोजनाप्रति आभार प्रकट गर्नुभएको थियो । दुबै कार्यक्रममा स्थानीय महिला, कृषक, विद्यार्थीलगायतको सहभागिता थियो ।

यसै गरी, खाम्तेल विकास मञ्चले फागुन १४ गते काभ्रे जिल्लाको नमोबुद्ध-४ स्थित जनक उमावि, भकुण्डेबेसीमा वित्तीय चेतना अभिवृद्धि कार्यक्रम आयोजना गऱ्यो । नमोबुद्ध नगरपालिकाका मेयर टीपी तिमल्सिनाको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा कक्षा ११ र १२ का विद्यार्थी र शिक्षकहरूको सहभागिता थियो ।

सो अवसरमा नगर प्रमुख तिमल्सिनाले स्थानीयस्तरमा उद्यमशीलताको विकासको निम्ति वित्तीय साक्षरता अपरिहार्य रहेको उल्लेख गर्दै यस्ता कार्यक्रमलाई विस्तार गर्दै लैजानुपर्ने आवश्यकता औंल्याउनुभयो । कार्यक्रममा बैंकका निर्देशक नारायणप्रसाद पोखेलले वित्तीय साक्षरताको परिचय, महत्व र आवश्यकताबारे आफ्नो प्रस्तुति

राख्नुभयो । गभर्नरको कार्यालयका उप-निर्देशक डा. भागवत आचार्यले उद्यमशीलताको विकास, आयआर्जन, बचत, कर्जा, लगानी, डिजिटल बैंकिङ तथा बीमाका सैद्धान्तिक र व्यावहारिक पक्षसँगै राष्ट्र बैंकको सफा नोट नीतिका सम्बन्धमा वार्ता प्रस्तुत गर्नुभयो । कार्यक्रममा सिटी एक्सप्रेस मनि ट्रान्सफरका नायब महाप्रबन्धक श्याम लामिछानेले हुण्डी कारोबारलाई निरुत्साहित तुल्याउनुपर्ने आवश्यकतामा जोड दिनुभयो ।

यसै गरी, सो मञ्चले फागुन १५ गते नमोबुद्ध-२ फूलवारी, बाँझपोखरीमा वित्तीय चेतना अभिवृद्धि कार्यक्रम आयोजना गऱ्यो । वडाध्यक्ष सञ्जीव ढकालको सभापतित्व र गभर्नरको कार्यालयका






निर्देशक नारायणप्रसाद पोखेलको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा सहकारी संस्थाका सदस्य र स्थानीय सर्वसाधारणको सहभागिता थियो ।

कार्यक्रममा गभर्नरको कार्यालयका उप-निर्देशक डा. भागवत आचार्यले वित्तीय साक्षरताका विविध पक्षबारे जानकारी दिनुभयो । सो अवसरमा निर्देशक पोखेलले वित्तीय साक्षरताको महत्व उल्लेख गर्दै सहभागीको जिज्ञासाको जवाफ दिनुभएको थियो ।

## संस्थागत सामाजिक उत्तरदायित्व ... ... ...

यसका साथै यस कोषबाट खर्च गर्न केही पक्षमा निषेधसमेत गरिएको छ । जसअनुसार संस्थाको ब्राण्ड प्रवर्द्धन हुने गरी गरिने खर्च यस कोषबाट व्यहोर्न नपाइने तर, संस्थागत सामाजिक उत्तरदायित्वमा गरेको खर्चमा संस्थाको नाम सौजन्यको रूपमा उल्लेख गर्न पाइने व्यवस्था गरिएको छ ।

बैंक तथा वित्तीय संस्थाले संस्थागत सामाजिक उत्तरदायित्वमा खर्च गर्दा एकै भौगोलिक क्षेत्र तथा विषय (जस्तैः शिक्षा, स्वास्थ्य आदि) मा मात्र सीमित नभई आफ्नो कार्यक्षेत्रभित्रका सबै भौगोलिक क्षेत्र तथा विषयहरूमा न्यायोचित ढङ्गले खर्च गर्ने व्यवस्था मिलाउनु पर्ने व्यवस्था पनि गरिएको छ । यसै गरी, सञ्चालक समितिका सदस्यहरूलाई व्यक्तिगत वा राजनैतिक लाभ हुने गरी खर्च गर्न नपाइने व्यवस्था गरिएको छ ।

यसै गरी, बैंक तथा वित्तीय संस्थाको सञ्चालक समितिले संस्थागत सामाजिक उत्तरदायित्वका लागि यस व्यवस्थाअनुसार पहिचान हुने क्षेत्रहरू, सो क्षेत्रमा खर्चका लागि प्राप्त हुने प्रस्ताव मूल्याङ्कन गर्ने प्रक्रिया, कोषको सञ्चालन तथा व्यवस्थापन प्रक्रियालगायतका विषयहरू समेटी छुट्टै कार्यविधि बनाई लागू गर्नुपर्ने व्यवस्था गरिएको छ । साथै, संस्थाले यस्तो कोषको व्यवस्था तथा सोबाट भएको खर्च सम्बन्धी जानकारी आफ्नो वार्षिक वित्तीय विवरणको लेखासम्बन्धी टिप्पणीअन्तर्गत खुलाउनु पर्नेसमेत व्यवस्था छ ।

**निष्कर्ष**

बैंक तथा वित्तीय संस्थालाई संस्थागत सामाजिक उत्तरदायित्वको दायरामा ल्याई समाजप्रतिको दायित्व बोध गराउनमा यो व्यवस्था निकै महत्वपूर्ण देखिन्छ । यसबाट खासगरी सामाजिक सेवा प्रवर्द्धनका साथै वित्तीय साक्षरताका क्षेत्रमा गरिने खर्चबाट वित्तीय सेवाको माग पक्षको विस्तार हुन गई वित्तीय पहुँच अभिवृद्धि हुन गई अन्ततोगत्वा दिगो तथा समावेशी विकास सम्भव हुन जाने कुरामा विश्वस्त हुन सकिन्छ ।

# सरुवा/पदस्थापन

जनशक्ति व्यवस्थापन विभागले २०७७ फागुन १५ को निर्णयानुसार विभिन्न विभाग/कार्यालयका २५ जना अधिकृत द्वितीय (उप-निर्देशक) हरूको सरुवा तथा पदस्थापन गरेको छ।

जसअनुसार बैंकिङ विभागका ऋषिराम बराल संस्थागत योजना तथा जोखिम व्यवस्थापन विभाग, बैंक तथा वित्तीय संस्था नियमन विभागका सुधा श्रेष्ठ राष्ट्र ऋण व्यवस्थापन विभाग, सम्पत्ति तथा सेवा व्यवस्थापन विभागका बद्रीप्रसाद खकुरेल बैंक तथा वित्तीय संस्था नियमन विभाग, बैंकिङ विभागका लुमाकान्त भट्टराई विकास बैंक सुपरिवेक्षण विभाग, वित्त व्यवस्थापन विभागका अरुणकुमार शाह वित्त कम्पनी सुपरिवेक्षण विभाग, संस्थागत योजना तथा जोखिम व्यवस्थापन विभागका रवीन्द्र महर्जन बैंक तथा वित्तीय संस्था नियमन विभाग, आन्तरिक लेखापरीक्षण विभागका रामकुमार केसी र अस्मिता गोर्खाली क्रमशः भुक्तानी प्रणाली विभाग र वित्तीय जानकारी इकाई, बैंकिङ विभागका रचना शर्मा पराजुली विदेशी विनिमय व्यवस्थापन विभाग र मुद्रा व्यवस्थापन विभागका सिर्जना श्रेष्ठ आर्थिक अनुसन्धान विभागमा सरुवा हुनुभएको छ।

यसै गरी, हालै बढुवा भएका १५ जना उप-निर्देशकहरूको विभिन्न विभाग/कार्यालयमा पदस्थापन गरिएको छ। जसअनुसार डा. रमेशप्रसाद चौलागाईं गभर्नरको कार्यालय, खिलबहादुर श्रेष्ठ संस्थागत योजना तथा जोखिम व्यवस्थापन विभाग, राजकुमार खत्री लघुवित्त संस्था सुपरिवेक्षण विभाग, बबी केसी मुद्रा व्यवस्थापन विभाग, दिलबहादुर सुब्बा आङ्दम्बे र रामेश्वर पोखरेल आन्तरिक लेखापरीक्षण विभाग, विष्णुप्रसाद उपाध्याय र ध्रुव पोखरेल बैंकिङ विभाग, प्रह्लाद खड्का मुद्रा व्यवस्थापन विभाग, विश्वनाथ न्यौपाने सम्पत्ति तथा सेवा व्यवस्थापन विभाग, बबिता ढुङ्गाना आन्तरिक लेखापरीक्षण विभाग, भुवानीप्रसाद गौतम लघुवित्त संस्था सुपरिवेक्षण विभाग, विष्णुबहादुर श्रेष्ठ सम्पत्ति तथा सेवा व्यवस्थापन विभाग, जगदीश कुमार वित्त व्यवस्थापन विभाग र अम्बिका नेपाल बैंकिङ विभागमा पदस्थापन हुनुभएको छ।

जनशक्ति व्यवस्थापन विभागले फागुन २६ को निर्णयानुसार विभिन्न विभाग/कार्यालयका ५२ जना सहायक निर्देशकहरूको सरुवा गरेको छ। जसअनुसार बैंक सुपरिवेक्षण विभागका ईमबहादुर क्षेत्री र वित्तीय जानकारी इकाईका रवीन्द्र भट्टराई संस्थागत योजना तथा जोखिम व्यवस्थापन विभाग, विकास बैंक सुपरिवेक्षण विभागका रविप्रकाश मजगैया बैंकिङ विभाग, बैंक सुपरिवेक्षण विभागका कुवेर थापा सम्पत्ति तथा सेवा व्यवस्थापन विभाग, लघुवित्त संस्था सुपरिवेक्षण विभागका राममणि शर्मा जनशक्ति व्यवस्थापन विभाग, सम्पत्ति तथा सेवा व्यवस्थापन विभागका उमाकान्त थपलिया लघुवित्त संस्था सुपरिवेक्षण विभाग, बैंकिङ विभागका घनश्याम फुलारा वित्त कम्पनी सुपरिवेक्षण विभाग, विदेशी विनिमय व्यवस्थापन विभागका कल्पनादेवी पौडेल भट्टराई लघुवित्त संस्था सुपरिवेक्षण विभाग र वित्त व्यवस्थापन विभागका पदमराज जोशी भुक्तानी प्रणाली विभागमा सरुवा हुनुभएको छ।

यसै गरी, आर्थिक अनुसन्धान विभागका मीनप्रसाद पोखेल र लघुवित्त संस्था सुपरिवेक्षण विभागका यज्ञप्रसाद पाण्डेय मुद्रा व्यवस्थापन विभाग, वित्त कम्पनी सुपरिवेक्षण विभागका खिलनाथ दाहाल वित्तीय जानकारी इकाई, संस्थागत योजना तथा जोखिम व्यवस्थापन विभागका अनाडायर सुवेदी विदेशी विनिमय व्यवस्थापन विभाग, संस्थागत योजना तथा जोखिम व्यवस्थापन विभागका रेवतीराज पौडेल लघुवित्त संस्था सुपरिवेक्षण विभाग, बैंक तथा वित्तीय संस्था नियमन विभागका जुगलकिशोर कुशवाहा कानुन महाशाखा, बैंक तथा वित्तीय संस्था नियमन विभागका सुजन खनाल वित्त व्यवस्थापन विभाग, लघुवित्त संस्था सुपरिवेक्षण विभागका सुरेश केसी संस्थागत योजना तथा जोखिम व्यवस्थापन विभाग, विकास बैंक सुपरिवेक्षण विभागका मुद्रा व्यवस्थापन विभाग (टक्सार महाशाखा) र बैंकिङ विभागका सविन थापालाई आर्थिक अनुसन्धान विभागमा सरुवा गरिएको छ।

यसै गरी, आन्तरिक लेखापरीक्षण विभागका सृजना बज्राचार्य विकास बैंक सुपरिवेक्षण विभाग, बैंकिङ विभागका अर्जुन सुवेदी वित्तीय जानकारी इकाई, बैंकर्स प्रशिक्षण केन्द्रका नरेशकुमार अधिकारी लघुवित्त संस्था सुपरिवेक्षण विभाग, मुद्रा व्यवस्थापन विभागका शरद प्रधान बैंक तथा वित्तीय संस्था नियमन विभाग, विदेशी विनिमय व्यवस्थापन विभागका ईश्वरी लुइँटेल बैंकिङ विभाग, वित्त व्यवस्थापन विभागका मोहनध्वज खड्का लघुवित्त संस्था सुपरिवेक्षण विभाग, धनगढी कार्यालयका गोपालप्रसाद श्रेष्ठ जनशक्ति व्यवस्थापन विभाग, संस्थागत योजना तथा जोखिम व्यवस्थापन विभागका देवराज घिमिरे आन्तरिक लेखापरीक्षण विभाग, बैंकिङ विभागका कृष्णबहादुर श्रेष्ठ लघुवित्त संस्था सुपरिवेक्षण विभाग र बैंक सुपरिवेक्षण विभागका समीर श्रेष्ठ संस्थागत योजना तथा जोखिम व्यवस्थापन विभागमा सरुवा हुनुभएको छ।

बैंक सुपरिवेक्षण विभागका सुशीलकुमार दास सम्पत्ति तथा सेवा व्यवस्थापन विभाग, विदेशी विनिमय व्यवस्थापन विभागका शारदा कार्की मुद्रा व्यवस्थापन विभाग, सुर्खेत कार्यालयका समीरकुमार सिंह वित्तीय जानकारी इकाई, वित्तीय जानकारी इकाईका प्रशान्तवल्लभ पन्त बैंक सुपरिवेक्षण विभाग, मुद्रा व्यवस्थापन विभागका शान्ता पौडेल हुमागाईं लघुवित्त संस्था सुपरिवेक्षण विभाग, भुक्तानी प्रणाली विभागका सुजन पोखेल र जनशक्ति व्यवस्थापन विभागका ज्ञानेन्द्र सुवाल बैंक सुपरिवेक्षण विभाग, जनशक्ति व्यवस्थापन विभागका उमा पहराई बैंक तथा वित्तीय संस्था नियमन विभाग, मुद्रा व्यवस्थापन विभागका कृष्ण सिग्देल र स्वेता तिमिल्सिनालाई क्रमशः विकास बैंक सुपरिवेक्षण विभाग र आर्थिक अनुसन्धान विभागमा सरुवा गरिएको छ।

यसै गरी, वित्त व्यवस्थापन विभागका

मेरिना श्रेष्ठ आर्थिक अनुसन्धान विभाग, बैंकिङ विभागका अश्लेषा खरेल बैंक सुपरिवेक्षण विभाग, बैंकिङ विभागका आशा मानन्धर लघुवित्त संस्था सुपरिवेक्षण विभाग, सम्पत्ति तथा सेवा व्यवस्थापन विभागका विनित जैन वैगानी बैंक तथा वित्तीय संस्था नियमन विभाग, जनकपुर कार्यालयका अनिलकुमार झा बैंक सुपरिवेक्षण विभाग, सम्पत्ति तथा सेवा व्यवस्थापन विभागका दीपेश बनेपाली लघुवित्त संस्था सुपरिवेक्षण विभाग, वीरगञ्ज कार्यालयका अमिष शर्मा वित्तीय जानकारी इकाई, जनकपुर कार्यालयका अनिल शिवाकोटी विराटनगर कार्यालय, मुद्रा व्यवस्थापन विभागका सरिता दुवाल विदेशी विनिमय व्यवस्थापन विभाग, आन्तरिक लेखापरीक्षण विभागका राजन सुवेदी र वित्त व्यवस्थापन विभागका अनिता अधिकारी लघुवित्त संस्था सुपरिवेक्षण विभाग र सम्पत्ति तथा सेवा व्यवस्थापन विभागका विवेकआनन्द रौनियार विकास बैंक सुपरिवेक्षण विभागमा सरुवा हुनुभएको छ ।

हालै सहायक निर्देशकमा बढुवा भएका सात जना कर्मचारी विभिन्न विभाग/कार्यालयमा पदस्थापन गरिएको छ । जसअनुसार युवराज दहाल लघुवित्त संस्था सुपरिवेक्षण विभाग, उदयराज पौडेल आर्थिक अनुसन्धान विभाग, विजया गौतम पोखरा कार्यालय, डिल्लीकुमार थापा मुद्रा व्यवस्थापन विभाग, सुरज चौधरी सम्पत्ति तथा सेवा व्यवस्थापन विभाग, मञ्जुकुमारी न्यौपाने राष्ट्र ऋण व्यवस्थापन विभाग र तुलसा ओझा धनगढी कार्यालयमा पदस्थापन हुनुभएको छ ।

यसै गरी, गत फागुन २८ देखि सहायक निर्देशक पदमा नयाँ नियुक्ति दिइएका ३५ जनालाई विभिन्न/विभाग कार्यालयमा पदस्थापन गरिएको छ । जसअनुसार प्रतिमा अधिकारी आर्थिक अनुसन्धान विभाग, सृजना क्षेत्री गभर्नरको कार्यालय, धर्मेन्द्र तिमिल्सिना आर्थिक अनुसन्धान विभाग, आदित्य पोखेल बैंकिङ विभाग, सुशिल खनाल सिद्धार्थनगर कार्यालय, अभिषेक खनाल बैंकर्स प्रशिक्षण केन्द्र, रेनिशा अधिकारी बैंकिङ विभाग, आकाशा बज्राचार्य जनशक्ति व्यवस्थापन विभाग, रोशन सेढाई सुर्खेत कार्यालय, सुजल ढुङ्गाना सिद्धार्थनगर कार्यालय, राजन प्रजापति वित्तीय जानकारी इकाई, मम्ता रावत मुद्रा व्यवस्थापन विभाग, निर्जल घिमिरे विराटनगर कार्यालय, स्मृती भट्ट भुक्तानी प्रणाली विभाग, विवेक बुढाथोकी सिद्धार्थनगर कार्यालय, रवीना भट्ट राष्ट्र ऋण व्यवस्थापन विभाग, आयुष मानन्धर बैंक सुपरिवेक्षण विभाग र जगिना श्रेष्ठ बैंकिङ विभागमा पदस्थापन हुनुभएको छ ।

यसै गरी, सुनिता पौडेल जनशक्ति व्यवस्थापन विभाग, मुमिहाङ राई जनकपुर कार्यालय, सन्तोष गुप्ता सुर्खेत कार्यालय, रेखा घिमिरे र एलिशा मानन्धर आर्थिक अनुसन्धान विभाग, पूर्णबहादुर मौराती नेपाली सुर्खेत कार्यालय, विवेककुमार साह र राजनकुमार गुप्ता वीरगञ्ज कार्यालय, श्यामसुन्दर प्रसाद केशरी र राधेश्याम साह जनकपुर कार्यालय, सृष्टि तिवारी मुद्रा व्यवस्थापन विभाग, एन्जिला घिमिरे आन्तरिक लेखापरीक्षण विभाग, रीमा खनाल र रोशनी कार्की वित्त व्यवस्थापन विभाग, इशा श्रेष्ठ बैंकिङ विभाग, सुजल सुवाल सम्पत्ति तथा सेवा व्यवस्थापन विभाग र प्रदीपनारायण सिंहलाई आन्तरिक लेखापरीक्षण विभागमा पदस्थापन गरिएको छ ।

## बढुवा

जनशक्ति व्यवस्थापन विभागले विभिन्न विभाग/कार्यालयका सात जना सहायकलाई प्रधान सहायक (सहायक प्रथम) पदमा बढुवा गरेको छ । विभागद्वारा २०७६ फागुन १३ गते जारी सूचना अनुसार, नेपाल राष्ट्र बैंक, कर्मचारी सेवा विनियमावली, २०६८ को विनियम ५२ बमोजिम उहाँहरूको बढुवा भएको हो । यसरी बढुवा हुनेमा सिद्धार्थनगर कार्यालयका दीपक गौतम, विराटनगर कार्यालयका सुजन रसाइली, रगेन्द्र साम्बा, सुशीला कार्की, झलेन्द्र पोखरेल, रमेश निरौला र बैंक तथा वित्तीय संस्था नियमन विभागका स्मृती बराल हुनुहुन्छ ।

यसै गरी, विराटनगर कार्यालयका उप-सहायक मोनबहादुर मगर सहायक पदमा बढुवा हुनुभएको छ ।

साथै, विभागले फागुन १९ देखि लागू हुनेगरी प्राविधिक सेवा (सहायक स्तर) र कार्यालय सहयोगीतर्फका कर्मचारीको बढुवा गरेको छ । जसअनुसार सम्पत्ति तथा सेवा व्यवस्थापन विभागका सञ्चार चालक अकुर श्रेष्ठ वरिष्ठ सञ्चार चालक, नायब सञ्चार चालकद्वय मुकन्द नेपाल र नारायण सिटौला सञ्चार चालक पदमा बढुवा हुनुभएको छ ।

साथै, वित्त व्यवस्थापन विभागका कार्यालय सहयोगी द्वितीय सरस्वती डङ्गोल कार्यालय सहयोगी प्रथम र विराटनगर कार्यालयका कार्यालय सहयोगी तृतीय लीलादेवी डोमिनी कार्यालय सहयोगी द्वितीयमा बढुवा हुनुभएको जानकारी जनशक्ति व्यवस्थापन विभागले दिएको छ ।

बढुवा हुनुभएका सबै कर्मचारीमा *नेपाल राष्ट्र बैंक समाचार* हार्दिक बधाई ज्ञापन गर्दछ ।

## अवकाश

सम्पत्ति तथा सेवा व्यवस्थापन विभागका उप-प्रधान चालक वासुदेव सापकोटाले २०७७ फागुन ५ र लघुवित्त संस्था सुपरिवेक्षण विभागका कार्यालय सहयोगी प्रथम माहिला गिरीले फागनु ८ देखि बैंक सेवाबाट अवकाश पाउनुभएको छ । उहाँहरू दुवैले ३० वर्ष सेवा अवधिका कारण अवकाश पाउनुभएको जानकारी जनशक्ति व्यवस्थापन विभागले दिएको छ ।

*प्रकाशक*
नेपाल राष्ट्र बैंक गभर्नरको कार्यालय, जनसम्पर्क महाशाखा
बालुवाटार, काठमाण्डौं, फोन : ४४१९८०४, Ext.: १३९/१४०
ईमेल : samachar@nrb.org.np, वेवसाईट : www.nrb.org.np

*सम्पादक*
डा. भागवत आचार्य

*सम्पादन सहयोगी*
विष्णुप्रसाद फुयाल
लालकुमार सुवेदी
नवीना ताम्राकार